# त्रिभुवन विश्वविद्यालय

## चिकित्सा शास्त्र अध्ययन संस्थान

## बीरगंज नर्सिङ क्याम्पस, बीरगंज

## (स्व.वि.यु. निर्वाचन समिति २०८१)

### स्व.वि.यु. निर्वाचन सम्बन्धी आचार संहिता २०८१

१. निर्वाचन स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न देहायका कुराहरुको अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

क) क्याम्पसको परिसरमा, कम्पाउण्ड वालको भित्र र बाहिर पट्टि भित्ते लेखन (वाल पेन्टिङ) गर्न पाईने छैन, निर्वाचन सम्वन्धि तुल, फ्लेक्स र कुनै पनि प्रकारको पोष्टर टाँस्न पाइने छैन।

ख) यस क्याम्पसलाई हानी नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार र अन्य गतिविधि गर्न पाईने छैन ।

ग) क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका संघ, संगठन, समुह वा स्वतन्त्र उम्मेदवारहरुलाई संगै राखि परिचयात्मक कार्यक्रम निर्वाचन समितिले संचालन गर्न सक्ने छ। उक्त कार्यक्रममा एक अर्का प्रति आक्षेप वा आरोप लगाउने वाक्यहरु बोल्न पाईने छैन ।

घ) प्रत्येक संघ, संगठन, समुह वा स्वतन्त्र उम्मेदवारहरुले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको पर्चा, **A4** साईजको एकै रङ भएको कागज वा मसी मात्रै प्रचार प्रसार गर्न पाइने छ ।

ङ) क्याम्पस हाताभित्र कुनै पनि आपत्तिजनक प्रचार पसार कार्यक्रम, विद्यार्थीहरूले झगडा गर्न पाईने छैन ।

च) विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द, हडताल गर्न पाईने छैन ।

छ) निर्वाचनसँग सम्वन्धित रहेर कुनै पनि संघ, संघठन तथा समुहले कुनै पनि माध्यमहरु (सामाजिक सञ्जाल, टेलिफोन मोबाईल तथा ई- मेल) मार्फत एक अर्कालाई गाली गलौज, आरोप, प्रत्यारोप गर्न पाईने छैन ।

ज) निर्वाचन कार्यतालिका प्रकाशित भई निर्वाचन प्रकृया अघि बढेको दिन देखि क्याम्पसको प्राज्ञिक कार्य बाहेक निर्वाचनलाई प्रभाव पार्ने खालका गतिविधिमा रोक लगाईएको छ ।

झ) सरकारी कोषबाट तलव भत्ता खाने कुनै पनि व्यक्ति वा संस्थाले क्याम्पस हाताभित्र कुनै गतिविधि तथा कार्यक्रम संचालन गर्न पाईने छैन।

ञ) चुनाव सम्वन्धि गतिविधि भईरहेको समयमा निर्वाचन अनुगमन समितिले अनुगमन गर्न सक्नेछ र आचार संहिता विपरित कुनै कार्य भईरहेको पाईएमा निर्वाचन समितिले तुरुन्तै त्यस्तो कार्यलाई रोक लगाउन सक्नेछ ।

२. निर्वाचन सम्वन्धि विपयमा कुनै पनि व्यक्ति वा समुहले क्याम्पसका शिक्षक, कर्मचारी वा कुनै आधिकारिक व्यक्तिको नाम लिई भय उत्पन्न गर्न गराउन पाईने छैन ।

३. प्रचार प्रसार गर्ने समय २०८१ फागुन २९ गते दिनको २ बजे देखि २०८१ चैत्र २ गते राती १२ बजेसम्म रहनेछ । त्यसपछि मौन अवधि सुरु हुनेछ। मौन अवधि सुरु भएपछि प्रचार प्रसारका कुनै पनि गतिविधि संचालन गर्न पाईने छैन ।

४. यो आचार संहिता सबैले पालना गर्नु पर्नेछ, अन्यथा आचार संहिता उल्लंघन गर्ने व्यक्ति वा समुहलाई कारवाहीको दायरामा ल्याईने छ।

..............................

अंजु कुमारी महतो

निर्वाचन अधिकृत

**निर्वाचन अधिकृत**